नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फागुन/चैत्र २०८१ (March 2025) वर्ष २८/अङ्क ३१५

## परमेश्वरको नाउँ व्यर्थैमा नलिनुको अर्थ

- पाष्टर सिमोन पाठक

**परमेश्वरले मेरो नाउँ व्यर्थैमा नलिनु भन्नुको अर्थ के हो ?** इस्राएलीहरू मिश्रबाट प्रस्थान गरेको करिब तीन महिना भएपछि सीनैको उजाड-स्थानमा आइपुगे। उनीहरू त्यहाँ छाउनी बनाएर लामो समय बसे। परमेश्वरले मोशालाई सिनै पर्वतमाथि बोलाउनुभयो। चालीस दिन चालीस रात मोशा सिनै पर्वतमा उपवास सहित परमेश्वरसँग संगति गरेका थिए। "अनि मोशा फर्केर आफ्ना हातमा गवाहीका दुवै शिला-पाटी लिएर पर्वतबाट ओर्ले। ती पाटीहरूमा अगाडि र पछाडि दुवैपट्टि लेखिएका थिए। ती पाटीहरू परमेश्वरका काम थिए। तिनका लेखोट परमेश्वरद्वारा खोपेर लेखिएका थिए" (प्रस्थान ३२:१५-१६)। प्रस्थान २०:३-१७ मा परमेश्वरले मोशालाई आफ्नै हातले लेखेर दिनुभएका दश आज्ञाहरू छन्। दश आज्ञामा तेस्रो आज्ञा "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध ठहराउनुहुनेछैन।" परमेश्वरको नाउँ एक पवित्र नाउँ हो। तेस्रो आज्ञामा तीनवटा शब्दहरू महत्वपूर्ण छन्। लिनु, नाउँ, र व्यर्थैमा। तेस्रो आज्ञामा यी शब्दहरूको अर्थ उचाल्नु, उच्च गर्नु, प्रतिष्ठा भन्ने हुन्छ। परमेश्वरको नाउँ व्यर्थैमा नलिनू भन्ने आज्ञाले उहाँको नाउँ, प्रतिष्ठालाई व्यर्थैमा उचाल्ने काम नगर्नु भन्ने हुन्छ। परमेश्वरको नाउँलाई व्यर्थैमा, बिना मूल्य, उहाँको नाउँलाई अपमान हुने किसिमले हाम्रो बोलीवचन, व्यवहारमा, काममा, आचरणमा लिनु हुन्न भन्ने हो। व्यर्थ शब्दले काम नलाग्ने, असत्य, मूल्यहीन भन्ने कुरालाई बुझाउँछ। यी तीनैवटा शब्दको जरो विनाश भन्ने हुन्छ। यदि हामीले आफ्नो घरमा, गाडीमा, मोटरसाइकलमा, कानमा, घाँटीमा, टिसर्टमा, झोलामा म खीष्टियन हुँ भन्ने कुनै चिनारी लेखेका छौं जस्तैः क्रूस छ, माछाको कुनै चिन्ह छ, वा बाइबल पद लेखेका छौं तर हाम्रो जीवनचाहिँ पापमा डुबेको छ। हाम्रो बोलीवचन, व्यवहार, आचरण चरित्र ठीक छैन भने उहाँको नाउँलाई अपवित्र पारिराखेका हुन्छौं। उहाँको नाउँलाई व्यर्थैमा धारण गरिराखेका हुन्छौं। प्रोटेष्टेण्ट मण्डलीका संस्थापक मार्टिन लुथरले भनेका छन्, "हामीले परमेश्वरलाई प्रेम गर्ने र उहाँको भय मान्नुपर्छ ताकि हामीले उहाँको नाउँलाई अन्धविश्वासमा प्रयोग नगरेका हौं अथवा उहाँको नाउँको प्रयोग श्राप दिन, झूठा शपथ खान अथवा छल प्रकारले प्रयोग नगरेका हौं तर उहाँको नाउँलाई प्रार्थनामा उहाँलाई पुकार गर्न, आराधना गर्न र धन्यवाद दिनमा प्रयोग गर्नुपर्छ।" परमेश्वरको नाउँ काम नलाग्ने, असत्य बोलीवचन बोल्ने, झूठा कुराहरू बोल्ने, त्यसलाई समर्थन गर्ने, कसैलाई धोका दिनु, बेइमानी गर्नु, ठग्नुचाहिँ परमेश्वरको नाउँ व्यर्थैमा लिएको ठहर्दछ। परमेश्वरको नाउँ लिने तर त्यसअनुसार नजिउनु, खीष्टको नाउँ लिने तर दुष्ट कुराहरुबाट आफैलाई अलग नराख्नु। परमेश्वरको वचन सुनेपछि हाम्रो हृदय छुन्छ अनि त्यो समयमा उठेर, हात उठाएर, मुखका शब्दद्वारा प्रभु म यो गर्छु त्यो गर्छु भन्दै हात उठाउने, उठेर आफैलाई समर्पण गर्ने तर त्यो वचन पूरा नगर्नु पनि उहाँको नाउँ व्यर्थैमा लिनु हो। उहाँसँग गरिएको प्रतिज्ञा, करार, सपथ तोड्नु पनि उहाँको नाउँ व्यर्थैमा लिनु हो। झूठा गवाही परमेश्वरको नाउँ व्यर्थैमा लिनु हो। विश्वासी भएर सत्य बोल्नुपर्ने ठाउँमा सत्य नबोल्नु, झूट बोल्नु, झूटा गवाही दिनु हो। यो पनि परमेश्वरको नाउँ व्यर्थैमा लिएको ठहर्दछ। यदि प्रभुको सेवाको नाउँमा कमाउने धन्दा गरिराखेका छौं। प्रभुको सेवाको नाउँमा आफैलाई माथि चढ्ने भऱ्याङ बनाइराखेका छौं। प्रभुको सेवाको नाउँमा आफ्नो नाउँको अगाडि म अरूभन्दा ठूलो हुने लालचले सेवा गर्दैछौ भने परमेश्वरको नाउँ व्यर्थै लिएको ठहर्दछ। यदि कोही व्यक्तिले म विश्वासी हुँ भनेर आफैलाई चिनाइसकेपछि अर्को विश्वासीले ऊसँग कारोबार गर्दा इमान्दार व्यवहार गरेन, ठग्ने काम गऱ्यो भने त्यो व्यक्तिले परमेश्वरको नाउँ व्यर्थैमा लिएको ठहर्दछ। चर्चको निम्ति कुनै सामान खरीद, बिक्री गर्नुपऱ्यो। चर्चको निम्ति कुनै भोज भत्तेर गर्नुपर्दा, कुनै सभा सम्मेलन गर्नुपर्दा चर्चले कुनै सदस्यलाई सहायता माग्यो तर काम गर्दा भित्रभित्रै कमिशनको खेल खेल्यो भने त्यो व्यक्तिले परमेश्वरको नाउँ व्यर्थैमा लिएको ठहर्छ। किनकि उसलाई मण्डलीले विश्वास गरेर, भरोसा गरेर जिम्मा दिएको थियो तर ऊ विश्वासयोग्य भएन। परमेश्वरको नजरमा त्यो व्यक्ति निरपराध ठहरिएन। त्यो अपराधी ठहरियो। संसारको कानूनमा अपराधीलाई दण्ड सजाय हुन्छ। त्यसरीनै परमेश्वरको कानूनमा पनि अपराध गर्नेलाई दण्ड, सजाय छ। कसरी दण्ड दिनुहुन्छ त्यो परमेश्वरको निर्णय हो। न्याय आसनमा हरेक मानिसले आफ्नो कामको लेखा दिनुपर्छ। यदि हामीले कुनै व्यापार, व्यवसाय गरिराखेका छौं भने नाफा राखेर व्यापार गर्न नै पर्छ। कुनै पेशा हुन्छ जहाँ आफूलाई नियमअनुसार कमिशन राखेर काम गर्नुपर्ने हुन्छ। यसो गर्नु कुनै नराम्रो काम होइन। बाइबलले बताउँछ खेताला ज्यालाको योग्य हुन्छ। यस्तो काममा हुनेहरूले नेपाली उखान छ- साँप पनि मर्ने लठ्ठी पनि नभाँचिने तरिकाले काम गर्नुपर्छ। दुवैको हित हुनुपर्छ। आफ्नो मात्रै हित सोचेर चलनचल्तीभन्दा बढी दाममा एउटा विश्वासीले अर्को विश्वासीलाई कुनै सामान किनबेच गर्छ, कमिशन खान्छ भने विश्वासीको पहिचान बिग्रिन्छ र परमेश्वरको नाउँ पनि अपमानित हुन्छ। एकजना खीष्टियन व्यवसायीले भन्नुहुन्थ्यो, एउटा विश्वासी अर्को विश्वासीको पसलमा सामान किन्न जाँदैन, यदि उसले किनेको सामानको बिल कुनै अफिसमा पेश गरेर पैसा लिनु छ भने, कारण विश्वासीको पसलमा सामान किनेपछि मूल्यभन्दा बढी राखेर बिल बनाउन अप्ठ्यारो हुन्छ। बढी मूल्य राखेर बिल बनाउन अप्ठ्यारो हुने हुनाले एउटा विश्वासी अर्को विश्वासीको पसलमा जाँदैन। यी दिनहरूमा विश्वासीहरूमा पनि बेला बखत सुन्ने गरिन्छ। दश हजारको बिल बनाउनुपर्ने ठाउँमा बाह्र हजारको

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **फागुन २४ गते** March 8 | एल्डर अर्जुन ढकाल | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | श्री माया लामा | एल्डर मन ब. मगर | श्री अन्जान घले | एल्डर श्रीलक्ष्मी सैंजु |
| **चैत्र २ गते** March 15 | पाष्टर सिमोन पाठक | एल्डर सुरेश पुर्कुटी | एल्डर सिद्धि खालिङ | डीकन युसूफ श्रेष्ठ | डीकन मिन ब. तामाङ्ग | एल्डर ग्रेस खालिङ | पाष्टर रूबेन श्रेष्ठ |
| **चैत्र ९ गते** March 22 | एल्डर दिनेश न्यौपाने | डीकनेस् रश्मिला तामाङ्ग | डीकन सुबोध अधिकारी | एल्डर सुरेश पुर्कुटी | पाष्टर अशोक मुखिया | एल्डर सिमोन खालिङ | डीकन सिमोन भण्डारी |
| **चैत्र १६ गते** March 29 | एल्डर रत्नमान महर्जन | श्री सुचन तामाङ्ग | श्री डिल्ली ब. तामाङ्ग | डीकन राम ब. तामाङ्ग | श्री विजय तामाङ्ग | एल्डर सीता गुरूङ्ग | पाष्टर घनश्याम दाहाल |
| **चैत्र २३ गते** April 5 | पाष्टर अशोक मुखिया | श्री सरुष तामाङ्ग | डीकनेस् ज्योति सिल्पकार | डीकन भूपाल लामा | श्री सुचन तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **फागुन २४ गते** March 8 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर गोपी राई | एल्डर भुवन देवकोटा | श्री विकास श्रेष्ठ | एल्डर कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | श्रीमती देवकी लामा | एल्डर जमान घ्लान | डीकन गोविन्द नगरकोटी |
| **चैत्र २ गते** March 15 | अतिथी | पाष्टर प्रेम श्रेष्ठ | डीकनेस् सलोमी दों | डीकनेस् राममाया नगरकोटी | एल्डर कृष्ण तामाङ्ग | डीकन रत्न तामाङ्ग | एल्डर राज गुरूङ्ग | डीकन गोपाल नगरकोटी | श्री फुर्का तामाङ्ग | डीकन सूर्य तामाङ्ग |
| **चैत्र ९ गते** March 22 | अतिथी | श्री जीवन खालिङ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर राज गुरूङ्ग | एल्डर सागर थापा | एल्डर कृष्ण श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर अमृत लामा | डीकन अशोक श्रेष्ठ | एल्डर अमृत लामा |
| **चैत्र १६ गते** March 29 | एल्डर दानियल सापकोट | अतिथी | एल्डर कृष्ण श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर जमान घ्लान | डीकन उमेश मगर | श्रीमती देवकी लामा | डीकनेस् रूषमाया लामा | डीकन गोविन्द नगरकोटी |
| **चैत्र २३ गते** April 5 | एल्डर पेशल राई | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | एल्डर गोपी राई | एल्डर पेशल राई |

बिल बनाउन लगाउँछन् । यसरी परमेश्वरको नाउँमा अपमान गर्ने विश्वासीहरू पनि छन् । मान्छेले विश्वास गर्न गाह्रो विश्वासीलाई परमेश्वरले झन कसरी विश्वास गर्न सक्नुहुन्छ ? तोडाहरू चाहिँ तिनीहरूलाई थपिन्छ, जो इमानदार छन् । पाँच तोडाको दृष्टान्तमा बेइमानीबाट खोसेर इमानदार व्यक्तिलाई सुनको तोडा दिएको छ । इमानदारीता गुमाए कसरी हामीले प्रभु येशू बाटो, सत्य र जीवन हुनुहुन्छ भनेर भन्न सक्छौं, घोषणा गर्न सक्छौं । विश्वासीहरूले परमेश्वरको सत्यतालाई इमानदारीतामा उचाल्नुपर्छ । बेइमानी जीवन जियौं भने परमेश्वरको नाउँको अपमान हुन्छ ।

उहाँको नाउँ व्यर्थैमा लिएको ठहर्छ । हामीले प्रभुलाई ग्रहण गरेको दिनदेखि हाम्रो परिचय विश्वासी भएको छ । विश्वासीलाई विश्वासीले विश्वास गर्ने जीवन भएन भने हामी कसरी विश्वासी हुनसक्छौं ? त्यसकारण हामीले परमेश्वरको नाउँ व्यर्थैमा लिनु हुँदैन । प्रभु येशूले भन्नभयो, "म तिमीहरूलाई भन्दछु, हरेक व्यर्थको कुरा जो मानिसहरू बोल्दछन्, न्यायको दिनमा तिनीहरुले त्यसको लेखा दिनुपर्नेछ" मत्ती १२:३६ ।

हामी न्यायको दिनमा परमेश्वरबाट के चाहन्छौं ? दण्ड कि इनाम ?

### जानकारी




गोलढुङ्गा बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती चरी सिंखडा ५४ वर्षको उमेरमा माघ २० गते/फरवरी २ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



चन्द्रागिरी बस्नुहुने नेइम गुरुजुधारा चर्चको सदस्य श्री शान्ति कुमारी तामाङ्ग ८७ वर्षको उमेरमा माघ २६ गते/फरवरी ८ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

कपन बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती पदम कुमारी गुरूङ्ग ८१ वर्षको उमेरमा माघ २७ गते/फरवरी ९ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



बानियाटार बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती पुतली दियाली ९१ वर्षको उमेरमा फागुन ६ गते/फरवरी १८ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

माघ १९ गते/फरवरी १ तारिख शनिबार नेइम जोरपाटी सापटारमा १ जनाले समर्पण गर्नुभयो ।

फागुन १० गते/फरवरी २२ तारिख शनिबार नेइम गुरुजुधारा चर्चमा ८ जनाले समर्पण गर्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| फागुन २४ गते<br>March 8 | एल्डर<br>बाबुराम के.सी. | श्री<br>जीवन खालिङ | डीकन<br>कृष्ण नगरकोटी | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>छोदेन कार्थक | डीकन<br>सुक्रराज घिमिरे |
| चैत्र २ गते<br>March 15 | श्रीमती<br>दिना शाह | डीकन<br>अनिल चौधरी | एल्डर<br>आनन्द न्यौपाने | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>बेन्जामिन तामाङ्ग | श्री<br>चन्द्र तामाङ्ग |
| चैत्र ९ गते<br>March 22 | डीकन<br>श्रीराम सुर्खेती | श्री<br>विश्वास थापा | एल्डर<br>भुवन देवकोटा | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>प्रेम गुरूङ्ग | डीकन<br>मत्ती सिराल | श्री<br>कुमार सेन्चुरी |
| चैत्र १६ गते<br>March 29 | एल्डर<br>नभराज के.सी. | श्री<br>जीवन खालिङ | एल्डर<br>यमदेवी पोखेल | एल्डर<br>पिटर लिम्बू | पाष्टर<br>कर्ण तामाङ्ग | डीकन<br>अनिल आले | डीकन<br>डि.बि. राई |
| चैत्र २३ गते<br>April 5 | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>शरण राई | डा.<br>सुदान रूचाल | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरविर राई |

# हार्दिक बधाई



माघ १७ गते/जनवरी ३० तारिख, बिहीबार नेइम ललितपुर चर्चको सदस्य श्री सिमोन तामाङ्ग र यूनाइटेड गोस्पल चर्च, हेटौंडाको सदस्य सुश्री अनामिका उप्रेतीको यूनाइटेड गोस्पल चर्च, हेटौंडामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २० गते/फरवरी २ तारिख, आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री साजन श्रेष्ठ र त्रिशूली एजी चर्च, नुवाकोटको सदस्य सुश्री रूपा शाक्यको त्रिशूली एजी चर्च, नुवाकोटमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २२ गते/फरवरी ४ तारिख, मंगलबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री अनुप राई र सुश्री पवित्रा बस्नेतको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन ८ गते/फरवरी २० तारिख, बिहीबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री विजय तामाङ्ग र न्यू बेथेल नेपाली चर्च ओहायो, यूएसएको सदस्य सुश्री रेबिका मगरको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १२ गते/फरवरी २४ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री विकास राई र सुश्री रितीका खातीको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर  तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर। उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

### मार्च महिनाको कार्यक्रम

फागुन २९ गते/मार्च १३ तारिख बिहीबार बिहान ७:०० बजे नेइम जवान रीट्रिट नेइम ज्ञानेश्वर मण्डलीमा ।

चैत्र १ गते/मार्च १४ तारिख शुक्रबार बिहान १०:०० बजे उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।

चैत्र ३ गते/मार्च १६ तारिख आइतबार नेइम शिक्षक/शिक्षिकाहरूको भेला नेइम ललितपुर मण्डलीमा ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १८ 2<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाइ, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | २५ 9<br>संसारका सबै मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ३ 16<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:९-१० | १० 23<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ | १७ 30<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **सोमबार**<br>Monday | १९ 3<br>मण्डलीमा भइरहेको बिहानको प्रार्थना सभाहरू साथै अन्य ठाउँहरूमा पनि भइरहेको प्रार्थना सभाहरूमा अझ जागृति मागौं ।<br>१ पत्रुस ३:१२ | २६ 10<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्य-हरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ | ४ 17<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>कलस्सी २:७ | ११ 24<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ | १८ 31<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार**<br>Tuesday | २० 4<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून् ।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २७ 11<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएका-हरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | ५ 18<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ | १२ 25<br>मण्डलीका सबै बालबालिका-हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | १९ April 1<br>पानीको बप्तिस्मा लिनुभएका सम्पूर्ण विश्वासीहरू ख्रीष्ट येशू प्रभुमा नयाँ जीवन जिउन सकून् ।<br>रोमी ६:३-४ |
| **बुधबार**<br>Wednesday | २१ 5<br>घरेलु संगतिका सबै अगुवा-हरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसलोनिकी १:२-३ | २८ 12<br>हामी सबैलाई वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ६ 19<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | १३ 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरिन्थी ३:२-३, | २० 2<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना ६ |
| **बिहीबार**<br>Thursday | २२ 6<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | २९ 13<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | ७ 20<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | १४ 27<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | २१ 3<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पतिहको लागि प्रार्थना गरिदिऔं ।<br>गन्ती ६:२४-२६ |
| **शुक्रबार**<br>Friday | २३ 7<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर सत्यतामा आराधना गर्न आउन सकौं ।<br>यूहन्ना ४:२३-२४ | १ चैत्र 14<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८, ८६:११ | ८ 21<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १५ 28<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | २२ 4<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>याकूब १:१९-२५ |
| **शनिबार**<br>Saturday | २४ 8<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | २ 15<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानु-भएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | ९ 22<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १६ 29<br>प्रत्येक शनिबार हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भएर अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ | २३ 5<br>सुसमाचार नपुगेको ठाउँहरूमा कुनै न कुनै माध्यमद्वारा सुसमाचार पुग्न सकून् ।<br>रोमी १०:१४-१५ |

**त्यो धन्यको हो, जसले निर्धाहरूको फिक्री गर्दछ, दुःखको दिनमा परमप्रभुले त्यसलाई छुट्कारा दिनुहुन्छ । परमप्रभुले त्यसको रक्षा गर्नुहुनेछ, र त्यसको जीवन जोगाउनुहुनेछ । उहाँले त्यसलाई पृथ्वीमा आशिष् दिनुहुनेछ, अनि त्यसलाई त्यसका शत्रुहरूको इच्छामा छोड्नुहुनेछैन । परमप्रभुले त्यसलाई त्यसको बिरामीको ओछ्यानमा सम्भाल्नुहुनेछ, अनि त्यसलाई फेरि स्वास्थ्य प्रदान गर्नुहुनेछ ।**

**भजनसंग्रह ४१:१-३**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,